# प्रभाव दैनिक
National Daily

वर्ष १०  अंक ३३०  काठमाडौं  शुक्रबार, १६ चैत २०८०  Prabhab National Daily  Friday, March 29, 2024  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# देउवा-दाहाल तारन्तर भेट, ओली सशंकित

- गत मंगलबार राति दुई नेताबीच बालुवाटारमा भेट भएको केही समय नबित्दै बिहीबार बिहान पुनः भेट
- नेपाली कांग्रेसले एमालेलाई जसरी पनि घेराबन्दी गर्ने लक्ष्य राखेको एमाले अध्यक्ष केपी शर्मा ओलीको भनाइ
- कुनै काम अगाडि नबढे आफूबाट अर्को उथलपुथल हुने र पदको सुरक्षाका लागि आफूले समीकरण नबदलेको प्रधानमन्त्री दाहालको स्पष्टोक्ति



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्ता समीकरण बदलिएको अवस्थममा राजनीतिमा नयाँ तरंग आउनेगरी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री पुष्पकमल दाहालसँग तारन्तर भेट्न थालेका छन्। गत मंगलबार राति दुई नेताबीच बालुवाटारमा भेट भएको केही समय नबित्दै बिहीबार बिहान पुनः देउवा-दाहालको भेट भएको छ।

संसद्मा अड्किएका विधेयकलाई निरन्तरता दिन दाहालले देउवासँग छलफलका लागि भेट बाक्लो बनाएको प्रधानमन्त्री सचिवालयको दाबी छ। कांग्रेसले सहकारी ठगी प्रकरणमा गृहमन्त्री रवि लामिछानेको राजीनामा माग गर्दै सदनमा अवरोध जारी राखेको हुनाले संसद् खुलाउन भेट भएको बताइएको छ।

तर प्रधानमन्त्री दाहालले बिहीबार राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा जुनसुकै बेला उथलपुथल हुनसक्ने बताएका छन्। 'कुनै काम अगाडि बढेन भने मबाट अर्को उथलपुथल गर्न बेर छैन। पदको सुरक्षाका लागि मैले समीकरण बदलेको हैन,' दाहालले गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई लक्षित गर्दै भने, 'काम गर्न सकेन भने पद ओगटेर बस्नुहुँदैन। यसमा म सचेत छु। अरूलाई अप्ठेरो पार्ने खालको हैन। काम गर्न नसके पद ओगटेर बस्ने पक्षमा म छैन।' गण्डकीका मुख्यमन्त्री पाण्डेले कांग्रेस छाडेर दाहालले उथलपुथल गरेको आरोप लगाएका थिए।

### बैठकमा निराश सुनिए दाहाल

समस्या समाधान समितिको बैठकमा विभिन्न कारण देखाउँदै प्रधानमन्त्री दाहाल निराश सुनिए। उनले विकासका परियोजनाहरूका कारण ऋण भार बढ्दै गएको उल्लेख गर्दै बजेट बनाउनै मुस्किल भइरहेको बताए। 'हामी दलदलमा फसियो भन्ने पनि लाग्छ यो बजेटका सन्दर्भमा। पुरानालाई पनि निरन्तरता दिए धानेर लानैपर्ने। राष्ट्रिय गौरवका योजनालाई पनि लानैपर्ने,' दाहालले भने, 'सबै मन्त्रालयलाई नयाँ-नयाँ योजना पनि थप्नैपर्ने। आउँदो वर्ष हामी ठूलो आर्थिक संकटमा झन् ठूलो दबाबमा हुने अवस्थामा हामी पुगेका छौं।'

पुँजीगत बजेट खर्च हुन नसकेकोमा प्रधानमन्त्री दाहाल सबैभन्दा चिन्तित देखिए। 'चालु आर्थिक वर्षको आठ महिना कटिसक्दा पनि पुँजीगत खर्च ३० प्रतिशत पनि नपुग्नु चिन्ताको विषय हो,' दाहालले भने।

इलाम-२ मा हुन लागेको उपनिर्वाचनमा सत्ता गठबन्धन एक भएर जान सकेन। एमालेले संविधानसभा अध्यक्ष स्व. सुवास नेम्बाङका छोरा सुहाङलाई उम्मेदवारको रूपमा अघि सारेको छ भने सत्तामै रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मिलन लिम्बूलाई। कतिपयले यो निर्वाचनमा माओवादीले कांग्रेसलाई साथ दिने तयारी रहेको दाबीसमेत गरेका छन्।

(क्रमशः पृष्ठ २ मा)

दूरसञ्चार प्राधिकरणको एमडिएमएस खरिदमा भ्रष्टाचार

# प्राधिकरणका दुई पूर्वअध्यक्षसहित १९ जना र दुई कम्पनीविरुद्ध मुद्दा

- ९१ करोड ९८ लाख ३० हजार रुपैयाँ बिगो मागदाबी
- २३ करोड २० लाख रुपैयाँ जरिवाना असुल गर्न माग

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाल दूरसञ्चार प्राधिकरणले खरिद गरेको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) मा भ्रष्टाचार भएको निष्कर्षसहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्राधिकरणका दुई पूर्वअध्यक्षसहित १९ जना र दुई कम्पनीविरुद्ध भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गरेको छ। आयोगले बिहीबार विशेष अदालत उक्त मुद्दा दर्ता गरेको हो।

एमडिएमएस प्रणाली खरिद गर्दा ठेक्का सम्झौता भएको रकम बराबर ९१ करोड ९८ लाख ३० हजार ८८२ रूपैयाँ बिगो मागदाबी गरेको हो। उक्त प्रणाली स्थापनाका नाममा हालसम्म खर्च भएको २३ करोड २० लाख रूपैयाँ जरिवाना असुल गर्न पनि आयोगले माग छ।

भन्सार छलेर नेपालमा ल्याइने मोबाइल सेटहरूलाई निष्क्रिय बनाउन एमडिएमएस उपकरण खरिद गरिएको हो। तर, यसमा भ्रष्टाचार भएको अख्तियारले ठहर गरेको हो। भ्रष्टाचारमा



दिगम्बर झा



पुरुषोत्तम खनाल

- नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्षद्वय दिगम्बर झा र पुरूषोत्तम खनाल, तत्कालीन वरिष्ठ निर्देशक आनन्दराज खनाल, निर्देशक मीनप्रसाद अर्याल, सहायक निर्देशक विनोदचन्द्र श्रेष्ठ, निर्देशक दिपेश आचार्य, उपनिर्देशक सुरेन्द्रलाल हाडा, उपनिर्देशक रेवतीराम पन्थ, उपनिर्देशकहरु सन्दीप अधिकारी, सूर्यप्रसाद लामिछाने, अच्यूतानन्द मिश्र, सहायक निर्देशक विजयकुमार राय यादव, सहायक निर्देशक प्रतीक्षा पौडेल र निराजन कोइरालाविरूद्ध मुद्दा
- मलेसियाको निउमेरा (एम) एसडिएन बिएचडी र उक्त कम्पनीका अध्यक्ष मोहम्मद नुर अमिन विन मोहम्मद नुर खान, वार्तामा संलग्न मोहम्मद शिहाव विन कुन्ही मोहम्मद, चिफ अपरेसन अफिसर अनुज सिंह, प्रडक्ट स्पेसलिस्ट जमिल अमिद, सिंगापुरको नमस्ते ग्लोबल कम्पनी र उक्त कम्पनीका निर्देशक कविन्द्रराज मल्लविरूद्ध पनि मुद्दा

प्राधिकरणका पूर्वअध्यक्ष दिगम्बर झा, पुरुषोत्तम खनाल, तत्कालीन वरिष्ठ निर्देशक आनन्दराज खनाल, निर्देशक मीनप्रसाद अर्यालविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

सहायक निर्देशक विनोदचन्द्र श्रेष्ठ, निर्देशक दीपेश आचार्य, उपनिर्देशक सुरेन्द्रलाल हाडा, उपनिर्देशक रेवतीराम पन्थ, उपनिर्देशकहरू सन्दीप अधिकारी, सूर्यप्रसाद लामिछाने, अच्यूतानन्द मिश्र, सहायक निर्देशक विजयकुमार राय यादव, सहायक निर्देशक प्रतीक्षा पौडेल र निराजन कोइरालाविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको हो।

अख्तियारले एमडिएमएस उपकरण खरिदमा संलग्न कम्पनीहरू मलेसियाको निउमेरा एसडिएन बिएचडी र सिंगापुरको नमस्ते ग्लोबल सिंगापुरसहित साझेदार कम्पनीहरूविरुद्ध पनि मुद्दा दायर गरेको छ। निउमेराका अध्यक्ष मोहम्मद नुर अमिन विन मोहम्मद नुर खान, वार्तामा संलग्न मोहम्मद शिहाव विन कुन्ही मोहम्मद, चिफ अपरेसन अफिसर अनुज सिंह, प्रडक्ट स्पेसलिस्ट जमिल अमिदविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियार प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

उनका अनुसार ती कम्पनीहरूको साझेदार नमस्ते ग्लोबल प्रालिका निर्देशक कविन्द्रराज मल्लविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ। विशिष्ट पदमा पुगेर पनि भ्रष्टाचारमा संलग्न भएको भन्दै अख्तियारले प्राधिकरणका पूर्वअध्यक्षहरू दिगम्बर झा र पुरुषोत्तम खनाललाई थप सजायको मागदाबी गरेको छ।

अख्तियारले सामान खरिदका कागजात गायब पारेको आरोपमा अच्यूतानन्द मिश्र, सूर्यप्रसाद लामिछाने, सन्दीप अधिकारी र विजयकुमार राय यादवमाथि सरकारी कागजात लुकाएको र नष्ट गरेको आरोप लगाएको छ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# दूतावासले मागपत्र प्रमाणीकरण रोक्दा समस्यामा व्यवसायी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मलेसियास्थित नेपाली दूतावासले कामदारको मागपत्र प्रमाणीकरण कार्य रोक्दा आफूहरू मर्कामा परेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन्। मलेसिया सरकारको २०२४ मार्च ३१ देखि विदेशी कामदारलाई 'कलिङ भिसा' जारी नगर्ने निर्णयविपरीत दूतावासले मार्च २३ बाटै मागपत्र प्रमाणीकरण रोक्दा समस्यामा परेको उनीहरूको भनाइ छ।

मलेसियाले रोजगारदातालाई आगामी मे ३१ भित्र 'एप्रुभल' (स्वीकृत) भइसकेका डिमाण्डमा विदेशी कामदार ल्याइसक्नुपर्ने समयावधि दिएको छ। सोहीअनुरूप मार्च ३१ सम्म कामदारको मागपत्र प्रमाणीकरणका लागि समय तोकिएकोमा दूतावासले अगाडि नै रोक्दा व्यवसायीले ल्याएका मागपत्र अलपत्र परेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए। 'तोकिएको समयावधिसम्म मागपत्र प्रमाणीकरण गर्नु दूतावासको दायित्व हो,' उनले भने, 'दूतावासको निर्णयकै कारण थुप्रै व्यवसायीहरूले ल्याएका मागपत्र प्रमाणीकरण हुन सकेको छैन, जबकि कामदारको मागपत्र प्रमाणीकरणका लागि ३१ मार्चसम्म समय दिइएको छ, यो दूतावासको गैरजिम्मेवारीपना हो।'

दूतावासले ३१ तारिखसम्म नै मागपत्र प्रमाणीकरण गर्नुपर्नेमा त्यसो नगरी मार्च २३ बाटै माग प्रमाणीकरणको काम रोक्नुमा व्यवसायीको आपत्ति रहेको अध्यक्ष भण्डारीले बताए। 'समय हुँदाहुँदै व्यवसायीहरूले ल्याएको माग प्रमाणीकरण किन नगर्नुको कारण के हो,' उनले प्रश्न गरे। दूतावासका कर्मचारीले आफूखुसी निर्णय गर्दै अति गरेको र जे कुरामा पनि बिजनेस खोज्न थालेको उनको भनाइ छ।

दूतावासले भने २२ मार्चअघि नै प्राप्त भएका मागपत्र प्रमाणीकरणका थुप्रै फाइलहरू पेण्डिङमा रहेको जनाउँदै ती




मागपत्र प्रमाणीकरणमा थप समय लाग्ने भएकाले मार्च २३ देखि सेक्युरिटी गार्डबाहेकका माग प्रमाणीकरण गर्न नसकिने भन्दै गत शुक्रबार सूचना जारी गरेको थियो।

मागपत्र प्रमाणीकरणका सन्दर्भमा दूतावासले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पत्र पठाउँदै राय माग गरेको थियो। जवाफमा मन्त्रालयले मागपत्र प्रमाणीकरण निर्देशिका अनुसार नै गर्नू भने पनि रोक्नू भन्ने निर्देशन नदिइएको मन्त्रालयका एक अधिकारीले बताए। निर्देशिका अनुसार उपयुक्त निर्णय गर्नू भन्ने निर्देशनमा मार्च २३ बाटै माग प्रमाणीकरण रोकिएको हुन सक्ने ती अधिकारीको भनाइ छ।

मलेसिया सरकारको निर्णयअनुसार दूतावासले कामको चापलाई मध्यनजर गर्दै माग प्रमाणीकरणलाई रोकेको हुनसक्ने आकर्षण इन्टरनेसनलका अध्यक्ष बिष्णुबहादुर केसीले बताए। 'तोकिएको समयमा मागपत्र प्रमाणीकरण नभए समस्या आउनसक्ने हुँदा दूतावासले रोकेको होला,' उनले भने, 'सरकारले गरेको यस्तो निर्णयबाट व्यवसायी प्रभावित भएका छन्, तोकिएको कार्यदिनसम्म माग प्रमाणीकरण गर्नु राम्रो हुन्छ।' मलेसिया सरकारले दिएको समयावधि नै छोटो भएकाले नेपालका व्यवसायी र कामदार मात्र नभएर मलेसियाका रोजगारदातासमेत प्रभावित भएको उनको भनाइ छ।

मलेसियाले बढ्दो आप्रवासी कामदारको संख्यालाई नियन्त्रण गर्न र कूल श्रमशक्तिको १५ प्रतिशतमात्रै विदेशी कामदार लिने नीतिअनुरूप रोजगारदातालाई दिइएको स्वीकृत कोटामा आगामी मे ३१ सम्म विदेशी कामदार भित्रचाउनुपर्ने निर्णय गरेको छ।

(क्रमशः पृष्ठ २ मा)

## म्यानपावरमार्फत इजरायल पठाउने प्रक्रिया स्थगित

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले म्यानपावरमार्फत इजरायल पठाउने प्रक्रिया हाललाई स्थगित भएको जनाएको छ। विभागले एक विज्ञप्ति जारी गर्दै हाल बिटुबीको माध्यमबाट इजरायलको कृषि क्षेत्रमा कामदार लैजाने विषयमा मन्त्रालयबाट पुनरवलोकनका लागि समिति गठन भई अध्ययन भइरहेको भन्दै इजाजतपत्रवाला संस्थाहरूबाट कामदार पठाउने प्रक्रिया स्थगित गरिएको जनाएको छ।

म्यानपावरबाट कामदार पठाउन अर्को निर्णय नभएसम्म हाललाई स्थगित भएको जनाउँदै विभागले कुनै निर्णय गरिए सूचना जारी गर्ने बताएको छ। इजरायलका विभिन्न क्षेत्रमा रोजगारीको प्रलोभन देखाई विभिन्न व्यक्ति, संस्था तथा समूहहरूले गैरकानुनी रूपमा प्रलोभनमा पारी रकम उठाउने गरेको सूचना प्राप्त भएकोले कृषि तथा अन्य क्षेत्रका नाममा हुनसक्ने ठगीबाट सचेत रहन पनि विभागले आग्रह गरेको छ। ठगीका सम्बन्धमा विभागले सूक्ष्म अनुसन्धान कार्य पनि अगाडि बढाएको उल्लेख गरेको छ।




## पृष्ठ १ बाट क्रमशः

### प्राधिकरणका दुई...

सरकारले आर्थिक वर्ष २०७१/०७२ को बजेट वक्तव्यमा मोबाइल सेटको गैरकानुनी आयात रोक्ने घोषणा गरेको थियो । तीन वर्षपछि २०७४ सालमा त्यससम्बन्धी उपकरण एमडिएमएस खरिद योजना अघि बढेको थियो । सोही सालको माघमा अनुमान लागत स्वीकृति भएको थियो । त्यसको एक वर्षमा ठेक्का नै स्वीकृत भयो । जुन उपकरण जडानसहितको सबै काम असोज २०७५ सम्मा सम्पन्न गर्ने भनिएको थियो । तर, अहिलेसम्म काम सम्पन्न भएकै छैन ।

उसो त प्राधिकरणका अधिकारीहरूले उपकरण आयात र प्रणाली जडान नहुँदै एमडिएमएस लागू गराउन नीतिगत पहल गरेका थिए । जसअनुसार सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमासमेत १ साउन, २०७८ देखि एमडिएमएस लागू गर्ने घोषणा गरेको थियो । ३० भदौ, २०७९ देखि यो प्रणालीको आंशिक कार्यान्वयन सुरु भएको भनिएको छ । १ जेठ, २०८० मा भने पूर्णरूपमा लागू गर्ने घोषणा गरिएको थियो ।

तर, एमडिएमएस खरिदमा आधारभूत प्रक्रियाहरू मिचिएको दाबी अख्तियारको छ । उपकरण र परामर्श सेवा खरिदमा छुट्टाछुट्टै खरिद प्रक्रिया अपनाउनुपर्नेमा सबै कामलाई परामर्श सेवा भनी प्रणाली खरिद गरेको पाइएको अख्यितार प्रवक्ता घिमिरेले बताए । खरिदको क्रममा पनि लागत अध्ययन नगरी खरिद प्रक्रिया अघि बढाएको, अस्वाभाविक बढी लागत देखाएको, प्रणाली कहाँ स्थापना गर्ने भन्ने निश्चित नगरी ठेक्का प्रक्रिया अघि बढाएको पनि अख्तियारले ठहर गरेको छ ।

यससँगै गोपनीयताको हक प्रतिकूल हुने गरी विदेशी कम्पनीहरूलाई पूर्ण जिम्मेवारी दिएको आरोप पनि अख्तियारकै छ । अनुसन्धानको क्रममा अख्तियारले सञ्चार मन्त्रालयको अध्ययन प्रतिवेदनलाई पनि अनियमितताको प्रमाण मानेको छ । मन्त्रालयको प्रतिवेदनले लागत अनुमानको तुलनामा अस्वाभाविक र खर्चिलो ठेक्का सम्झौता भएको तथ्य सार्वजनिक गरेको थियो । भ्रष्टाचारमा संलग्नहरूलाई कारबाही गर्न सिफारिस गरेको थियो ।

#### देशलाई हानि पुऱ्याउने हर्कत

एमडिएमएस प्रणाली जडानका लागि ठेकेदार कम्पनीले आर्थिक प्रस्तावमा पेस गरेको रकम एक वर्षका लागि हो । कम्पनीले वार्षिक छ लाख लगानी प्राधिकरणले गर्नुपर्ने जनाएको थियो । जसआधारमा चार वर्षका लागि २४ मिलियन अमेरिकी डलर खर्च गर्नुपर्ने अवस्थामा थियो, प्राधिकरण । यस्तो प्रस्तावलाई समेत प्राधिकरणले सहजै स्वीकार गऱ्यो ।

प्रतिवेदनमा भनिएको छ, 'यस्तो प्रस्तावलाई समेत स्वीकार गर्ने प्राधिकरणको निर्णयलाई स्वाभाविक र सामान्य मान्न सकिँदैन । बोलकबोल अंकलाई अनावश्यक रूपमा बढाएको देखिएको छ । नेपाल सरकारलाई हानि नोक्सानी हुनेगरी काम भएकाले यस विषयमा थप अनुसन्धान र छानबिन हुन जरुरी देखिन्छ ।'

सरकारका अनुसार नेपालमा प्रयोग हुने अधिकांश मोबाइल सेट अनौपचारिक माध्यमबाट भित्रिने गरेको जनाएको छ । जसकारण राजस्वमा ठूलो चुहावट हुने गरेको छ । यसलाई निगरानी गर्ने र रोक्ने प्रणाली स्थापनाको रूपमा एमडिएमएस उपकरण खरिद गरेको हो । प्राधिकरणले भन्सार बिन्दुमा घोषणासहित मोबाइल सेटको पहिचान नम्बर (आइएमइआई) दर्ता गरेपछि मात्रै मोबाइल सेट चल्ने र दर्ता नगरी चोरबाटोबाट ल्याएका सेटहरू स्वतः निष्क्रिय हुने भनिएको थियो । तर, बिहीबार भने प्राधिकरणका तत्कालीन अध्यक्षद्वयसहित २० जनाले एमडिएमएस खरिदमा भ्रष्टाचार गरेको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

■■■

### देउवा-दाहाल...

#### दिल्लीमा आरजु, भेटको बहाना टिआरसीको

कांग्रेस सभापति देउवापत्नी आरजु राणा यतिबेला भारतको राजधानी नयाँदिल्लीमा पुगेकी छन् ।

आरजुले आफू उपचार गर्दै गरेको उल्लेख गर्दै आफ्नो फेसबुक पेजबाट फोटोसमेत सार्वजनिक गरेकी छन् । यद्यपि काठमाडौंमा राजनीतिक खिचडी पक्नुअघि नेताहरूको दिल्ली दौड पुरानै रोग भएको विश्लेषकहरू बताउँछन् ।

यहीबेला कांग्रेस सभापति देउवा बालुवाटार धाउन लागेका हुन् । प्रधानमन्त्रीको सचिवालयले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन(टिआरसी) २०७१ लाई संशोधन गर्न बनेको विधेयक अघि बढाउन देउवासँग दाहालको भेट भएको दाबी गरेका छन् ।

यसअघि कांग्रेस नेतृत्वको सत्ता समीकरणका बेला पनि प्रधानमन्त्री र तत्कालीन प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच पटक-पटक भएका भेटवार्तामा टिआरसीबारे छलफल भएको थियो । तर टिआरसीकै कारण कांग्रेस सत्ताबाट बाहिरिनुपरेको थियो । एमालेसँग माओवादी केन्द्रको पुनर्मिलन हुने छाँट देखेपछि कानुन समितिबाट पारित हुने अन्तिम समयमा कांग्रेसले टिआरसी रोकेको थियो । टिआरसी देखाउँदै दाहालसँग भेट्न पुगे पनि देउवाको भित्री उद्देश्य सत्ताको उलटपुलट नै रहेको बताइएको छ ।

#### ओली सशंकित

एमाले अध्यक्ष ओली दुई नेताको तारन्तर भेटपछि सशंकित बनेका छन् । बिहीबार झापा पुगेर ओलीले अहिले बनेको सत्ता समीकरण स्वार्थसिद्धिका लागि नभएको बताएका छन् । एमाले झापाको ११औं जिल्ला अधिवेशन उद्घाटन गर्न विर्तामोड पुगेका उनले नेपाली कांग्रेसको नेतृत्वमा बनेको पूर्वगठबन्धनले एमालेलाई जसरी पनि घेराबन्दी गर्ने लक्ष्य राखेको बताए ।

त्यसैले अहिलेको गठजोड गठबन्धन नभएको ओलीले तर्क गरे । 'यो समीकरणमात्र हो । गठबन्धन हैन । गठबन्धनको काम एमालेलाई कमजोर पार्ने थियो । हामी एक ठाउँमा छौं । गठबन्धन भन्ने गल्ती नगर्नुहोला साथीहरूले,' ओलीले भने । कांग्रेस नेतृत्वले एमालेसँग मिलेर माओवादीलाई एकल्याउन चाहेको भए पनि ओलीले यस्तो मिलन हुनै नसक्ने दाबी गरे । 'अमेरिकामा हेर्नुहोस्, त्यहाँ दुई पार्टी छन्,' ओलीले भने, 'चार वर्षमा चुनावी प्रतिस्पर्धा गर्छन् । दुवै दल मिलेर सरकार चलाएको त्यहाँ कुनै उदाहरण छैन ।'

ओलीले झापामा कांग्रेससँगको तुससमेत पोखे । 'कांग्रेस थोत्रो पार्टी हो । लोकतन्त्रको बारेमा उसले हामीलाई फुर्तिफार्ती गर्नुपर्दैन,' ओलीले भने । कांग्रेसले विगतमा एमालेप्रति निषेधको राजनीति गरेको जनाउँदै उनले एमालेले कहिल्यै पनि निषेध, हिंसाको राजनीति नगर्ने धारणा व्यक्त गरे ।

कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले पनि बिहीबार आफ्नो कारणले माओवादीसँग कांग्रेसको सम्बन्ध बिग्रिएको आरोप सत्य नभएको बताएका छन् । सप्ताहिक पत्रिकाका सम्पादकहरूसँग आफ्नो सम्पर्क कार्यालय विशालनगरमा छलफलका क्रममा कोइरालाले उक्त आरोपको खण्डन गरेका हुन् । सत्ता प्राप्त हुन्छ भन्दैमा जोसँग पनि गठबन्धन गर्ने परिपाटी कांग्रेसले अन्त्य गर्नुपर्ने भन्दै सम्पादकहरूले कोइरालालाई सुझाव दिएका थिए । कोशीमा माओवादीका इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउने निर्णय गठबन्धनले गरे पनि शेखरले भने केदार कार्कीलाई बागी बनाएका थिए । एमालेको सहयोगमा कार्की मुख्यमन्त्री बनेपछि संघीय गठबन्धनमा खटपट आएको थियो ।

■■■

### दूतावासले माग...

मलेसियामा हाल चार लाखको हाराहारीमा नेपालीहरू काम गरिरहेको बताइन्छ । गत आर्थिक वर्ष २०७९/८० मा मलेसिया नेपाली कामदारको पहिलो श्रम गन्तव्य बनेको थियो । गत वर्ष नयाँ र पुनः श्रम स्वीकृति लिएर मलेसियामा दुई लाख ६० हजार बढी नेपाली गएका थिए ।

## रास्वपाले इलाम-२ मा लिम्बूलाई बनायो उम्मेदवार

**काठमाडौं (प्रस)**– राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले इलाम जिल्ला निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा पार्टीको तर्फबाट मिलन लिम्बूलाई उम्मेदवार बनाउने घोषणा गरेको छ । रास्वपाले बिहीबार एक विज्ञप्ति जारी गर्दै पत्रकारितामा आबद्ध रहँदै आएका लिम्बूलाई उम्मेद्वार बनाउने निर्णयबारे जानकारी दिएको हो । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का महासचिवसमेत रहेका लिम्बूलाई पार्टीको विधानअनुसार प्रारम्भिक निर्वाचनका लागि उम्मेदवारहरूबीच छलफलपछि उम्मेदवार बनाउने निर्णय भएको थियो ।

पार्टीको बिहीबार बसेको बैठकले प्रारम्भिक निर्वाचनमा सर्वसम्मतिमा निर्वाचित भई पार्टीका तर्फबाट आसन्न उपनिर्वाचनमा 'घण्टीवाहक' उम्मेदवारका रूपमा चयनको निर्णय गरेको पार्टीका केन्द्रीय निर्वाचन आयोगका सचिव भूमिनन्द बरालले जानकारी दिए । माओवादी केन्द्र छाडेर स्वतन्त्र उम्मेदवारको रूपमा चुनाव प्रचारमा लागेका लिम्बू अन्ततः रास्वपाका उम्मेदवार बनेका हुन् ।

## उपाध्यक्ष अर्यालको राजीनामा

**काठमाडौं (प्रस)**– राष्ट्रिय सभाकी उपाध्यक्ष उर्मिला अर्यालले पदबाट राजीनामा दिएकी छन् । उपाध्यक्ष अर्यालले राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालसमक्ष बिहीबार राजीनामापत्र बुझाएकी हुन् । अर्याल २०७९ माघ २३ गते राष्ट्रिय सभाको उपाध्यक्षमा निर्वाचित भएकी थिइन् । उनले राजीनामापत्रमा आफूले पदमा रहँदा इमान्दार भएर कर्तव्य निर्वाह गरेको उल्लेख गर्दै आफूलाई सहयोग गर्ने सबैलाई धन्यवादसमेत दिएकी छन् । अर्याल नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका तर्फबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएकी हुन् ।


## पूँजी विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

### तपसिलमा उल्लेखित ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मितिः २०८०/१२/१६

यस संस्थाबाट व्यापारिक कर्जा लिनु भएका तपसिल बमोजिमको ऋणी सदस्यले यस संस्थासँग भएको गरेको सम्झौताअनुसार कर्जा भुक्तानी तालिका अनुसार कर्जाको सावाँ ब्याज नतिरी नबुझाई बाँकी राख्नु भएको र निजलाई संस्थाको तर्फबाट पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत निजले कर्जा भुक्तानी गर्नेतर्फ कुनै पहल नगरेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्पूर्ण कर्जाको सावाँ, ब्याज र संस्थाबाट लिने अन्य दै दस्तुरसमेत चुक्ता भुक्तानी गर्नु हुन यसै सूचनाद्वारा सुचित गरिन्छ । अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ तथा संस्थाको कर्जा लगानी तथा असुली नीति २०६४ बमोजिम संस्थाले आफ्नो कर्जा रकम असुल उपर गरी लिने र निजको हक लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गर्ने व्यहोरा ऋणी सदस्यको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै ऋणी सदस्यलाई कालोसूचीमा नाम समावेश गरिनेछ र कर्जा असुलीको क्रममा सूचना प्रकाशित गर्दा लागेको प्रशासनिक खर्च र कर्जा असुली क्रममा लागेको कानूनी खर्च समेत ऋणी सदस्यको कर्जा खातामा समावेश गरिने छ ।

तपसिल

ऋणीको तीन पुस्ताको विवरण

बाजे : भिमसेन प्रजापती
बाबु : कुलनारायण प्रजापती
नाम : **गुणराम प्रजापती**
का.जि.का.म.न.पा. वडा नं. १४, काठमाडौं ।



पूँजी विकास बचत तथा ऋण सहकारी संस्था लि.
PUNJI BIKAS SAVING & CREDIT CO-OPERATIVE LTD.
पाको, न्यूरोड, काठमाडौं, फोनः ५३२१५१७

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Mohammed Abdulaziz Mohammed Al-Zakry Establishment for Operation and Maintenance co

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ LT. No. 302649 चलानी नं.:६०२१७५०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1200 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २२ गते (4th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम इजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONNECT RESOURCES.

पूर्व स्वीकृति मितिः २०८०/११/०६ पूनः विज्ञापन स्वीकृति मितिः २०८०/१२/१५ LT. No. 300218 चलानी नं. ६०२१५०३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 26 | 0 | 1219 | ४४,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 12 | 0 | 1155 | ४१,९४३ | | | | | | | |
| 3 | Electrician | 4 | 0 | 1282 | ४६,५५५ | | | | | | | |
| 4 | Electrician (Industrial) | 13 | 0 | 1440 | ५२,२९३ | | | | | | | |
| 5 | Messenger | 5 | 0 | 1282 | ४६,५५५ | | | | | | | |
| 6 | Steel Fixer | 4 | 0 | 1219 | ४४,२६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः लुम्बिनी स्किल डेभ्लमेन्ट सेन्टर बुटवलमा मितिः २०८० चैत्र १६ गते (29 Mar. 2024) मा हुनेछ ।
बहुउद्देशीय ट्रेनिङ सेन्टर काठमाडौंमा मितिः २०८० चैत्र १७ गते (30 March 2024) मा हुनेछ ।
गल्फ ट्रेनिङ सेन्टर, जनकपुरमा मितिः २०८० चैत्र १८ गते (31 March 2024) मा हुनेछ ।
सुनसरी ट्रेडिङ सेन्टर, इटहरीमा मितिः २०८० चैत्र १९ गते (1st April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Yovant Recruitment Services PVT. LTD.)
श्रम ईजाजत नं. १६५२/०८०/०८१
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9849842264, 9815015291, 9851019844, yovant1652@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAIF AL-JUBAIL INTERNATIONAL GENERAL CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८०/१२/१४ LT. No. 302559 चलानी नं. ६०२१७४६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २३ गते (5th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pashupati HR Solution Pvt. Ltd.
श्रम इजाजत नं. १४००/०७४/०७५
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np


## Nepalgunj Sub-Metropolitan City Office

Nepalgunj, Banke

### Invitation for Bids

**Date of Publication:- 2080-12-16 (2024-03-29 AD)**

1. Nepalgunj Sub-Metropolitan City Office Nepalgunj, Banke invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedure.

| S. N. | Contract ID. No. | Description of Work | Estimated Amount (Without VAT, Contingency And PS) (NRs.) | Bid Security Amount (NRs.) | Bidding Document Fee (NRs.) | Bid Validity /Bid Security validity period | Last Date and Time of Bid Submission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | NSMC/NCB/W18/080/81 | RCC Drain and Gravelling Road Construction work, Nepalgunj-1, Banke | 57,16,919.60 | 1,75,000.00 | 3,000.00 | 90 days/120 days from the last date of bid submission | 2081/01/16 BS (2024-04-28 AD) 12:00 Noon | 2081/01/16 BS (2024-04-28 AD) 2:00 PM, NSMC Office |
| 2 | NSMC/SQ/W07/080/81 | RCC Drain Construction work, Nepalgunj-6, Banke | 17,13,215.51 | 50,000.00 | 1,000.00 | 45 days/75 days from the last date of bid submission | 2081/01/02 BS (2024-04-14 AD) 12:00 Noon | 2081/01/02 BS (2024-04-14 AD) 2:00 PM, NSMC Office |

2. Account No. for Bid document Purchase.

| Bank | Office Name | Revenue Account Number | Office Code |
|---|---|---|---|
| Rastriya Banijya Bank Ltd. | Nepalgunj Sub Metropolitan Office, Banke | Nepalgunj U.Ma.Na.Pa (Ga-1-1)-Aantarik 4130100301010002 | 1126165 |

3. Eligible bidders may obtain further information from (www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO).

**Chief Administrative Officer**

# पहिलो दिनको एसइई परीक्षा शान्तिपूर्ण

■ प्रभाव संवाददाता



**भक्तपुर–** यस वर्षको माध्यामिक शिक्षा परीक्षा (एसइई) बिहीबारबाट सुरु भएको छ । पहिलो दिनको परीक्षा देशभर शान्तिपूर्ण रूपमा सम्पन्न भएको राष्ट्रिय परीक्षा बोर्डले जानकारी दिएको छ । यस वर्षको एसइई परीक्षा देशभरका दुई हजार ६४ परीक्षा केन्द्रमा एकैसाथ शान्तिपूर्ण रूपमा सुरु भएको बोर्डको भनाइ छ ।

बिहीबार बिहान ८ बजेबाट देशभर एकैसाथ सुरु भएको परीक्षा चैत २७ गते सम्पन्न हुने छ । परीक्षाको पहिलो दिन अंग्रेजी विषयको परीक्षा भएको बोर्डका अध्यक्ष प्रा.डा. महाश्रम शर्माले जानकारी दिए । एसइईलाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न सरोकारवाला सबैमा उनले आह्वान गरेका छन् ।

परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार ८०६ विद्यालयका दुई लाख ५० हजार ७७२ छात्रा, दुई लाख ५३ हजार ६२७ छात्र र अन्य १५ जना गरी कूल पाँच लाख चार हजार ४१४ परीक्षार्थीले फारम भरेको कक्षा १० परीक्षा नियन्त्रण कार्यालयका एसइई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए । कुल परीक्षार्थीमध्ये ५०६ विद्यालयका १५ हजार ७४९ परीक्षार्थी प्राविधिक धारतर्फका रहेको उनले बताए । परीक्षामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका १५ जना परीक्षार्थी सहभागी छन् ।

परीक्षाका लागि सबैभन्दा कम मनाङ, मुस्ताङमा एक-एक परीक्षा केन्द्र र काठमाडौंमा सबैभन्दा बढी १२७ परीक्षा केन्द्र कायम गरिएको छ । जापानमा रहेको एभरेस्ट स्कुलमा कायम गरिएको एक परीक्षा केन्द्रबाट १५ छात्रा र आठ छात्र गरी २३ विद्यार्थीले परीक्षा दिँदै छन् ।

परीक्षाका लागि प्रत्यक्ष रूपमा ७७ हजार ४८५ जना जनशक्ति परिचालन भएका छन् । प्रतिकेन्द्र एक जनाका दरले केन्द्राध्यक्ष खटिएका छन् । त्यस्तै १५० विद्यार्थी बराबर एक जनाका दरले चार हजार १२८ सहायक केन्द्राध्यक्ष, प्रति २० विद्यार्थी बराबर एक जनाका दरले २५ हजार २२२ जना निरीक्षक खटाइएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए ।

त्यसैगरी १०० परीक्षार्थी बराबर एक जनाका दरले पाँच हजार ५४ जना परीक्षा सहायकसमेत खटिएका छन् भने ५० परीक्षार्थी बराबर एक जना कार्यालय सहयोगी गरी १० हजार ८१ कार्यालय सहयोगी खटिएका छन् । प्रत्येक परीक्षा केन्द्रमा १५ जनाका दरले ३० हजार ९६० सुरक्षाकर्मी परिचालन गरिएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रिस्तरीय निर्णयबाट २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका २०७८' जारी गरेर यस वर्षको परीक्षामा लागू गरेकाले अब सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने भएको छ । परीक्षा नियन्त्रक पौडेलले परीक्षार्थीले कम्तीमा सैद्धान्तिक विषयमा ३५ अंक र प्रयोगात्मकमा ४० अंक ल्याउनैपर्ने बताउँदै १०० पूर्णांक रहेको विषयमा ३५ अंक र ७५ पूर्णांक रहेको विषयमा २७ अंक ल्याउनैपर्ने बताए ।

परीक्षा नियन्त्रक पौडेलले ३५ प्रतिशतभन्दा कम अंक ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनः मौका परीक्षामा सहभागी हुनुपर्ने छ । उनले ३५ अंक ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरेको जानकारी दिए । विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन् ।

### सर्लाहीबाट १० निरीक्षक निष्काशित

यसैबीच सर्लाहीबाट एसइईका १० परीक्षा निरीक्षक निष्कासनका परेका छन् । बिहीबारदेखि सुरु भएको परीक्षामा मर्यादा कायम नगरेको आरोपमा १० जना परीक्षा निरीक्षकलाई कारबाही गरिएको हो । कारबाहीस्वरूप उनीहरूलाई जारी एसइईमा निरीक्षकका रूपमा बस्न नदिने गरी निष्कासन गरिएको शिक्षा विकास तथा समन्वय एकाइका निमित्त प्रमुख रामवृक्ष महतोले जानकारी दिए ।

कारबाहीमा पर्ने निरीक्षक जिल्लाका दक्षिणी क्षेत्रका परीक्षा केन्द्रका रहेका जनाइएको छ । गोडैता नगरपालिकास्थित बेणीभोला माध्यामिक विद्यालय, जनता नमूना माध्यामिक विद्यालय, जनता मावि रामवन र बलरा नगरपालिकास्थित रामसखी मोहितसिंह मावि, जनता मावि, नेपाल राष्ट्रिय रामचन्द्र शिवचन्द्र माविका परीक्षा केन्द्रका निरीक्षकलाई कारबाही गरिएको जिल्लास्तरीय परीक्षा समन्वय समिति अध्यक्ष प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले जानकारी दिए ।

यसैबीच जिल्लामा छिटफुटबाहेक पहिलो दिनको एसइई परीक्षा शान्तिपूर्ण रूपमा सम्पन्न भएको जिल्लास्तरीय परीक्षा समन्वय समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी धमलाले जानकारी दिए । 'परीक्षा विगतको तुलनामा निकै मर्यादित बनेको छ,' उनले भने, 'हामीले सुरक्षा तथा अनुगमनलाई निकै चुस्त बनाएका छौं ।' यस वर्ष सर्लाहीबाट एसइईमा १० हजार ८९६ परीक्षार्थी सहभागी भएका छन् । शिक्षा विकास तथा समन्वय एकाइका अनुसार छ हजार ७८३ छात्रा र चार हजार ११३ छात्रले परीक्षा दिइरहेका हुन् ।

# सादा पोशाकमा घुमुवा प्रहरी परिचालनमा रोक

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीले सादा पोशाकमा जनशक्ति परिचालन नगर्न मातहतका निकायलाई निर्देशन दिएको छ । सादा पोशाकमा परिचालन हुने (घुमुवा) प्रहरी गैरव्यावसायिक क्रियाकलापमा संलग्न हुने गरेको गुनासोपछि उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको निर्देशनअनुसार प्रहरी प्रधान कार्यालयले बिहीबार सादा पोशाकका प्रहरीको जिम्मेवारी तत्काल परिवर्तन गरी नियमित युनिफर्म ड्युटीको जिम्मेवारी दिन निर्देशन गरेको हो ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले मातहतका प्रहरी युनिटमा उक्त परिपत्र गरिसकिएको जानकारी दिए । 'त्यस कार्यालय तथा मातहतबाट हाल परिचालन गरिएका सादा पोशाकका प्रहरी कर्मचारीलाई (अपराध अनुसन्धान शाखामा कार्यरतबाहेक) तत्काल जिम्मेवारी परिवर्तन गरी नियमित युनिफर्म ड्युटीको जिम्मेवारी दिई निजहरूको काम, कारबाहीकोसमेत कार्यालय प्रमुखबाटै नियमित निगरानी गर्ने व्यवस्था मिलाउनु हुन निर्देशानुसार अनुरोध छ,' परिपत्रमा भनिएको छ ।

प्रहरी प्रधान कार्यालयले जिम्मेवारी परिवर्तन गरिएका प्रहरी कर्मचारीको नामावली पठाउन पनि मातहतका निकायलाई निर्देशन दिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।


## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORK INN LOCATIONS SRL | शहर : GIURGIU | पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/११/३० | पुन विज्ञापन स्वीकृति मिति : २०२४/०३/२८ | LT. No. 276931 | चलानी नं. : ६०१९२५०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Caregiver (Female) | 0 | 5 | 600 | ७९,७८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 650 | ८६,४३० | | | | | | | |
| 4 | Cook Helper | 15 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 5 | Factory Worker | 20 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 6 | Gardner | 5 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 7 | General Worker | 40 | 0 | 550 | ७३,१३५ | | | | | | | |
| 8 | Housekeeper | 0 | 10 | 600 | ७९,७८५ | | | | | | | |
| 9 | Nanny | 0 | 5 | 650 | ८६,४३० | | | | | | | |
| 10 | Waiter | 5 | 0 | 550 | ७३,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Siraichuli Hotel, Bharatpur, Chitwan मा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ ।
चितवनको लागि सम्पर्क: ९८५५०१९०७४, ९८५५०१९०७५
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।
Sunsari Multiple Training Center, Itahari, Sunsari मा मिति: २०८० चैत २९ गते (11th April 2024) मा हुनेछ ।
इटहरीको लागि सम्पर्क: ०२५-५९०४५६, ९८०२७१२०००, ९८०५३५९१५०

नोट: General Worker (साधारण कामदार) को लागि नेपाली license A,B हुनेलाई प्राथमिकता दिईनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
श्रम इजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com


## पिपरा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोतरी
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८०/१२/१६

प्रस्तुत बिषयमा यस कार्यालयबाट मिति २०८०/१०/२६ गतेको नागरिक दैनिक पत्रिका र PPMO, E-GP System, www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम् मुल्याकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि सिफारिस भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम स्वीकृत आशयको सूचना सम्बन्धी सबै बोलपत्रदाताहरूको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण: | बोलपत्रदाताको नाम र ठेगाना | कबुल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1. | PRM/NCB/80/81/2 | Infrastructure development for the women empowerment and employment at ward no 5 in Pipra Rural Municipality. | Roshani Builders: Janakpurdham-8, Dhanusha | 8684131.01 |

प्रमुख प्रशासकीय अधिकृत


## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Office Secretary-2 ((F/M)
2. Admin -2 (F/M)
3. Receptionist -2 ((F/M)
4. Accountant -1 ((F/M)

नोट: सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलब: आपसी समझदारीमा

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathamandu, Nepal, Tel: 01-5920966, 5920967, Mob: 9802353778, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरूको खुद्रा अधिकतम बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो मूल्यसूची प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडल | उत्पादित मुलुक राष्ट्र | क्षमता | इकाइ | प्रति इकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रि स्कुटर | इलेक्ट्रि स्कुटर | GKON | ROADIES | भारत | १२०० वाट | २० पिस | २२०,०००/- | २५०,०००/- |

बिक्रेताको फर्मको नाम: जामुनी अटो सेन्टर प्रा.लि. | स्थायी लेखा नं: ६१०२९४९९०
फोन नं: ९८०२३४५४७२ | Exime Code: ६१०२९४९९०१३९ NP
ठेगाना: भृकुटीमण्डप, काठमाडौं, नेपाल


## पूँजी विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

### धितोमा रहेको सम्पत्ति लिलामी बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति: २०८०।१२।१६**

यस संस्थाबाट व्यापारिक कर्जा लिनु भएका तपसिल बमोजिमको ऋणी सदस्यले मिति २०६८ सालमा कर्जा लिई यस संस्थासँग भएको गरेको सम्झौताअनुसार प्रत्येक महिना महिनाको कर्जाको साँवा र ब्याज तिर्ने सम्झौता भएअनुसार मिति २०७५/०७/१५ गते कर्जा नविकरण गरे पश्चात प्रदान गरे कर्जा भुक्तानी तालिका अनुसार कर्जाको सावाँ ब्याज नतिरी नबुझाई बाँकी राख्नु भएको र निजलाई संस्थाको तर्फबाट पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत निजले कर्जा भुक्तानी गर्नेतर्फ कुनै पहल नगरेकोले मिति २०७९/०६/०४ मा आर्थिक अभियान दैनिक पत्रिकामा ३५ दिने कर्जा चुक्ता गर्न आउने सम्बन्धी अत्यन्त जरुरी सूचना प्रकाशित भएको र मिति २०७९/९/२१ गतेसम्म पटक पटक गरी कर्जा साँवाको ब्याज वापत रु. ७२,००,०००/- (अक्षरेपी रु. बहत्तर लाख मात्र) यस संस्थामा निज ऋणीले आफैं आई जम्मा गरे पश्चात मिति २०८०/०१/०४ गते आर्थिक अभियान दैनिक पत्रिका धितोमा रहेको सम्पत्ति लिलामी बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको अत्यन्त जरुरी सूचना प्रकाशित भएको साथै मिति २०८०/०१/३१ मा सात दिनमा कर्जाको साँवा र ब्याज तिर्न आउने पत्राचार समेत गरेको र मिति २०८०/०१/०४ गते आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित धितोमा रहेको सम्पत्ति लिलामी बिक्री सम्बन्धी ३५ दिने गोप्य शिबलन्दी बोलपत्र आव्हान गरिएको सूचना विरुद्ध निज ऋणीले मिति २०८०/०२/०१ मा धितोमा रहेको सम्पत्ति लिलामी बिक्री रोक्नका लागि श्री उच्च अदालत पाटनको निवेदन नं. ०७९-WO-१५३३ को निषेधाज्ञा मुद्दा दायर गरेको र श्री उच्च अदालत पाटनको निषेधाज्ञाको आदेशको सम्मान गर्दै धितोमा रहेको सम्पत्ति लिलामी बिक्री स्थगित गरेका थियौं र मिति २०८०/०४/१७ गते श्री उच्च अदालत पाटनले सो निषेधाज्ञा मुद्दा उपर दावी नपुगेको भनि फैसला समेत भैइसकेको हुँदा र मिति २०८०/०३/१८ निज ऋणी सदस्य र निजका एकासगोलका भाइ इश्वर श्रेष्ठ समेत यस संस्थाको कार्यालयमा उपस्थित भई मिति २०८०/०३/२५ गते भित्र रु. ५,००,०००/- (अक्षरेपी रु. पाँच लाख मात्र) यस संस्थालाई बुझाउने/तिर्ने र मिति २०८०/०४/३२ गते भित्र रु. १,५०,००,०००/- (अक्षरेपी रु. एक करोड पचास लाख मात्र) जम्मा गर्ने र बाँकी रहेको सम्पूर्ण कर्जाको साँवा र ब्याज जम्मा गरी एक मुष्ट गरी कर्जा नवीकरण गर्ने भनी निज ऋणी र यस संस्था बीच करारनामा गरिएको र मिति २०८०/०३/२८ मा ऋणी आफैंले रु. ४,००,०००/- (अक्षरेपी रु. चार लाख मात्र) र मिति २०८०/१०/०२ मा रु १,००,०००/- (अक्षरेपी रु. एक लाख मात्र) यस संस्थाको बैंक खातामा जम्मा गर्नु भएको र निजलाई कर्जाको साँवा र ब्याज चुक्ता गर्नको लागि पटकपटक मौखिक र लिखित तरताकेता गर्दा समेत बेवास्ता गर्नु भई संस्था बाध्य भई यो धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपसिल बमोजिमको साँवा र ब्याज भुक्तानी गर्नु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा ३६औं दिन निजले धितोमा लेखि लेखाई दिएको तपसिल बमोजिमको अचल सम्पत्ति लिलाम बिक्री गरी सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को तथा यस संस्थाको कर्जा लगानी तथा असुली नीति २०६४ अनुसार संस्थाले आफ्नो कर्जा असुल उपर गरी लिने र सो धितो लेखिएको अचल सम्पत्तिबाट असुल उपर गर्दा नपुग भएमा निजको नाममा भएको वा निजको हक लाग्ने अरु अन्य चल अचल श्री सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानीकर्ताहरु तथा धितो लेखी दिएको अचल श्री सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानीकर्ताहरु तथा धितो लेखी दिएको व्यक्तिहरु समेतको लागि यो सूचना प्रकाशित गरिएइको छ ।

**तपसिल**

१)

| ऋणीको तीन पुस्ताको विवरण | धनजमानी | धितोको विवरण |
|---|---|---|
| नाम : रत्न बहादुर श्रेष्ठ<br>बाबु : राम बहादुर श्रेष्ठ<br>बाजे : भक्त लाल श्रेष्ठ<br>ठेगाना : सिन्धुपाल्चोक जि. बास खर्क गा.वि.स. वडा नं. २ को परिवर्तित पाँच पोखरी ठाङपाल गा.पा. वडा नं. १ घर भई हाल बुढानिलकण्ठ नगरपालिका वडा नं. १२ सूर्यदेव कोलनी ब्लक सी घर नं. ०९, आकाशेधारा, कपन बस्ने ।<br> | नाम : ऋणीका एका सगोलको श्रीमती सुनि मैंया श्रेष्ठ<br><br>नाम : इश्वर श्रेष्ठ<br>बाजे : भक्त लाल श्रेष्ठ<br>बुबा : राम बहादुर श्रेष्ठ<br> | १. गोठाटार २ कि.नं. २१५ क्षे.फ. १७.८२ वर्ग मिटर । दर्तावाला जग्गा धनी रत्नबहादुर श्रेष्ठ ।<br>२. गोठाटार २ कि.नं. २१९ क्षे.फ. २०७.०० वर्गमिटर घर समेत । दर्तावाला जग्गा धनी रत्न बहादुर श्रेष्ठ । |

२) २०७५/०७/१५ गतेदेखि लिलाम हुने मिति २०८१/०१/२१ गतेसम्म

| कर्जा रकम (रु.) | आउनु पर्ने जम्मा ब्याज रु. | भुक्तानी भएको ब्याज (रु.) | साँवा, ब्याज लिनुपर्ने जम्मा रकम (रु.) |
|---|---|---|---|
| २,८६,००,०००/- | ३,१४,६७,८३५/५५ | ७७,००,०००/- | ५,२३,६७,८३५/५५ |

**लिलामका सर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले बोलकबोल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा यस संस्थाको नाममा जारी गरिएको गुड फर पेमेन्ट बैंक वा बैंक ड्राफ्टको सक्कल सहित बोलपत्र साथ यस संस्थामा बुझाउनु पर्नेछ ।
२. गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको प्रधान कार्यालय पाको न्यूरोडबाट रु. ५००/- (फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
३. तोकिएको बोलपत्र खोल्ने दिन सहकारी बिदा वा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै सहकारी कार्यालय खुल्ने दिन बोलपत्र खोलिनेछ ।
४. काठमाडौं-२२, पाको, न्यूरोड स्थित यस सहकारीको कार्यालयमा दिउँसो २:०० बजे विभिन्न कार्यालयहरुबाट खटी आएका प्रतिनिधिहरुको रोहवरमा शिलबन्दी बोलपत्र खोलिनेछ । तर प्रतिनिधिहरु यस बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चिततताको सूचना पाएको १५ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति सकार गरी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र फाराम भर्दा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. लिलाममा बिक्री हुने अचल सम्पत्ति (घर जग्गा) सम्बन्धी कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस सहकारी संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. सहकारी ऐन, सहकारी नियमावली तथा यस संस्थाको कर्जा नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उक्त सम्पत्तिको स्वामित्व सहकारी संस्था आफूमा लिन सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको राजिष्ट्रेशन दस्तुर तथा अन्य खर्च जे जे गर्नुपर्ने सो सम्पूर्ण खर्च लिलाम सकार गर्ने स्वयंले नै बेहोर्नु पर्नेछ ।

**लिलाम हुने मिति : २०८१/०१/२१ गते, शुक्रबार**
**स्थान : कार्यालय भवन, पाको, न्यूरोड, का.म.न.पा. २२**

पूँजी विकास बचत तथा ऋण सहकारी संस्था लि.
PUNJI BIKAS SAVING & CREDIT CO-OPERATIVE LTD.
पाको, न्यूरोड, काठमाडौं, फोन: ५३२१५१७

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### त्रिविको गम्भीर लापरवाही

देशकै पहिलो र प्राज्ञिक थलो त्रिभुवन विश्वविद्यालयले उत्तरपुस्तिका हराएर विद्यार्थीको भविष्यमाथि गम्भीर खेलवाड गरेको छ । त्रिविले गत वैशाखमा स्नातक तह पहिलो वर्षको परीक्षा लिएको थियो । जसमध्ये जनसंख्या र शिक्षा विषयका १८३ विद्यार्थीको उत्तरपुस्तिका नै हराइदियो । गल्ती छोप्न त्रिविले यी विद्यार्थीलाई पुनः परीक्षा दिने निर्णय गऱ्यो । त्रिविले यसका लागि चैत २१ गतेका लागि परीक्षा तोकेर दोषीमाथि कारबाही हुनेसमेत जनाएको छ ।

परीक्षा नियन्त्रण कार्यालयलाई दोष दिँदै त्रिविले विद्यार्थीहरूलाई पुनः परीक्षा दिन जान आग्रह गरेको छ । त्रिविले फेरि परीक्षा दिएपछि यसको नतिजा निकाल्न एक वर्ष थप पक्कै समय लगाउला । यसरी एकपछि अर्को निर्णय गर्दा त्रिविले लापरवाहीको हद नाघेको छ ।

त्रिविको लापरवाहीका कारण कैयन् विद्यार्थीले समयमा प्रमाणपत्र नपाउने, शैक्षिक क्यालेण्डरअनुसार तोकिएको समयमा कोर्स पूरा नहुने समस्याहरू छन् । जसका कारण त्रिविले बेरोजगार उत्पादन गर्ने कारखानाको उपनामसमेत कमाएको छ । प्राध्यायक तहमा दलगत राजनीति, विद्यार्थी तहमा भ्रातृ संगठनको राजनीतिका कारण थिलथिलो बनेको त्रिविको पढाइ गुणस्तर पनि उस्तै खस्कँदो छ । यही कारण नयाँ पुस्ता पढ्नमात्र पनि विदेसिन बाध्य हुन थालेको धेरै भयो ।

एकजना युवा देशमा नअडिँदा कति घाटा हुन्छ भन्ने हिसाबकिताब विश्वविद्यालयको प्राज्ञिक व्यक्तिहरूलाई थाहा हुनुपर्ने हो । तर दिनानुदिन नयाँ–नयाँ गल्ती गरेर त्रिविले भूलचुकमा रेकर्ड नै कायम गरिसकेको छ । त्रिविले अहिले उत्तर पुस्तिका हराएको विषयमा उच्चस्तरीय छानबिन गर्न समिति बनाएको छ । यो समितिलाई त्रिविले ३० दिनको समय दिएको छ । तर तोकिएको परीक्षा दिने वा नदिनेबारे केही बोलेको छैन ।

जबकि परीक्षा नियन्त्रण कार्यालयले चितवन बहुमुखी क्याम्पस, सहिद स्मृति बहुमुखी क्याम्पस र दाङको देउखुरी बहुमुखी क्याम्पसलाई पुनः परीक्षा गर्न निर्देशन दिइसकेको छ भने ती क्याम्पसहरूले परीक्षा सञ्चालन हुने सूचना पनि जारी गरिसकेको छ । उत्तरपुस्तिका हराएकोबारे समिति गठन गरेपछि पुनः परीक्षा समाधान हैन भन्दै शिक्षामन्त्री सुमना श्रेष्ठले घटना दोहोरिन नदिन सचेत गराएकी छन् । तर त्रिविले परीक्षा नियन्त्रण कार्यालयका त्यस समयका कर्मचारीलाई तुरुन्त बर्खास्त गरी परीक्षा रद्द गर्ने आँट भने गर्न सकेको छैन । यस किसिमको गैरजिम्मेवार मन्त्री, उपकुलपति, प्रधानमन्त्री र परीक्षा नियन्त्रण कार्यालय रहेको देशमा कसरी भविष्य देख्ने ? यसैले यस्तो विषयमा खेलाँची नगरी कुलपतिले परीक्षा नियन्त्रण कार्यालयका सम्बन्धित कर्मचारीलाई तुरुन्तै बर्खास्त गरी परीक्षा रद्द गरियोस् ।

# उपत्यकासँग सम्बन्ध जोडिएको चित्लाङ



पदम श्रेष्ठ

> अशोककालीन चैत्यको बाटोलाई नेपालभाषामा 'चैत्यलाङ'बाट 'चित्लाङ' भनिएको हो । थानकोट गोदामबाट हिँडेर दुई घण्टा र जिपबाट एक घण्टामै पुगिन्छ, चित्लाङ । नेवार समुदायले चित्लाङ, टिस्टुङ, पालुङलाई संयुक्त रूपमा पर्यटनको हब बनाएर हेर्ने गरेको छन् । राज्य संरचना विभाजन गर्दा थाहा नगरपालिका मकवानपुरभित्र पारिएता पनि यहाँका नेवारी सभ्यता, संस्कृति, नश्ल परम्परा सबै काठमाडौं उपत्यकासँग अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ ।

चित्लाङको हावापानी जति स्वच्छ छ, त्यो भन्दा स्वच्छ मान्छेको व्यवहार । सर्वोच्च नेता गणेशमान सिंहमार्गले काठमाडौसँग चन्द्रागिरिलाई जोडेको छ । थानकोट गोदामबाट १८ किलोमिटर माथि दुई हजार ५५१ मिटर अग्लो चन्द्रागिरि डाँडापारी चित्लाङको ऐतिहासिक बस्ती रहेको छ । २०२२ सालमा त्रिभुवन राजमार्ग बन्नुअघि काठमाडौंबाट तराई झर्ने छोटो ५२ किलोमिटरको बाटो हो यो । राजा त्रिभुवनलाई जर्मनी एड्भोर फिडरले उपहारस्वरूप दिएको गाडी उपत्यकामा सर्वप्रथम बोकेर भित्र्याएको मार्ग हो, चित्लाङ ।

अशोककालीन चैत्यको बाटोलाई नेपालभाषामा 'चैत्यलाङ'बाट 'चित्लाङ' भनिएको हो । थानकोट गोदामबाट हिँडेर दुई घण्टा र जिपबाट एक घण्टामै पुगिन्छ, चित्लाङ । नेवार समुदायले चित्लाङ, टिस्टुङ, पालुङलाई संयुक्त रूपमा पर्यटनको हब बनाएर हेर्ने गरेका छन् । राज्य संरचना विभाजन गर्दा थाहा नगरपालिका मकवानपुरभित्र पारिएता पनि यहाँका नेवार सभ्यता, संस्कृति, नश्ल परम्परा सबै काठमाडौं उपत्यकासँग अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । जसको कारण स्थानीयले चित्लाङ, टिस्टुङ, पालुङलाई संयुक्त सांस्कृतिक पर्यटन हबको रूपमा प्रवर्द्धन गर्दै अगाडि बढिरहेका छन् । यही पहिचानलाई उजागर गर्न र नेवार समुदायबीच भावना आदानप्रदान गर्ने उद्देश्यका साथ हलिं नेवाः गुथी (गुठी)ले आफ्नो १५औं वर्षगाँठ र होली महोत्सव चैत ३ गते यहाँ मनाइयो । उपत्यकाका विभिन्न २८ इलाकाबाट भेला भई मनाइएको हलीं नेवाः गुथीमा लाखे नाच तथा नृत्य सांस्कृतिक कार्यक्रमसहित मनाइएको थियो । गुठीका संरक्षक तथा संस्थापक अध्यक्ष शान्तप्रकाश श्रेष्ठको समुपस्थितिमा आयोजित महोत्सव तथा साधारणसभाले नेवार प्राचीन जाति, भाषा, भूमिको प्रवर्द्धन गर्दै मर्दा–पर्दा सहयोग आदानप्रदान गर्दै जाने लक्ष्य बनाएको बताइएको थियो ।

गुठीको भव्य भेलाले ऐतिहासिक चित्लाङ, टिस्टुङ, पालुङ क्षेत्रको पर्यटकीय नेवार पहिचानका लागि टेवा पुग्ने विश्वास लिइएको थियो । जहाँ नेपालकै प्रथम शासक गाईपालक जाति गोपाली, पाटने राजाका ज्वाइँ वंशज अंशुवर्मा र भृकुटीका वंशज बलामी र गाउँले श्रेष्ठ गमाल आदिवासीको पहिचानमुखी सभ्यता पाइन्छ । महोत्सवले यी र यस्ता पहिचानलाई उजागर गर्न टेवा पुऱ्याएको बताइएको थियो । काठमाडौं उपत्यकालाई आदिमकालमा नेपाल मण्डल भनिन्थ्यो । चित्लाङहुँदै मधेस, तराईबासीहरू काठमाडौं उक्लँदा लट्ठी लिएर टेक्दै डाँडा चढ्नुपर्ने हुँदा चित्लाङलाई लौरी नेपाल भनिएको बताइन्छ । लौरी नेपाल पनि भनिने चित्लाङ सम्पदाको बारेमात्र सवाल उठाउने हो भने चिलँचो चैत्य, भैरवथान, गुरुजु हिटी, रानी पाटीलगायत देख्न सकिन्छ । राष्ट्रिय संग्रहालयस्थित शिलापत्रमा नेपालभ्यले नेवार जातिलाई नमस्कार भनी लिच्छवीकालमा नै नेपाल भक्ति दर्शाएको छ ।

## चिलंचो चैत्य र हात्तीसार

चित्लाङमा जति पनि जात्रा पर्वहरू हुन्छन्, बलामी जातिको नेतृत्वमा गर्ने परम्परा छ । चिलंचो चैत्यलाई परिक्रमा गरी मनाइने यहाँका जात्रा, पर्वमा कार्तिक नाच, वाथप्याखँ, मंसिर पूर्णिमा महालक्ष्मी खटयात्रा र बुद्ध जयन्ती छन् । माझगाउँमा अवस्थित यही चैत्यको कारण चन्द्रागिरि पछाडिको प्राचीन बस्तीलाई चैत्यलाङमार्ग नै चित्लाङ हुन गएको हो । यहाँ हरेक पर्वका लागि बलामी समुदायको आदिमकालदेखि कविला राज्यको व्यवस्था पाइन्छ । जस्तैः

**थछेँमी** : काजी भनी राजकाजसम्बन्धी कार्य गर्ने,
**कोछेँमी** : नाचगान र बाजा बजाउने गुरूका रूपमा
**हिछेँमी** : न्यायाधीशको जिम्मा दिइएका हुन्छन् ।

यही संरचनाभित्र बलामी समुदायले राजादेखि सिपाहीसम्मको कार्यविभाजन गर्ने गरेको पाइन्छ । चित्लाङमा घुम्न जानेले प्राचीनकालीन काठमाडौं उपत्यकाको झल्को पाउँदछन्, जहाँ गुर्जु हिटी, सातधारा, तीन गजुरसहितको शिवालय र पहिलेपहिले काठमाडौं तराई हिँडेर यात्रा गरिँदा रात परे बास बस्ने रानीपाटीले यस क्षेत्रलाई मानवीय आवश्यकताका हरेक पक्षको व्यवस्थापन भएको बस्ती बनाएको छ ।

## चित्लाङ सुरचन्द्र भैरव

चित्लाङ सुरचन्द्र भैरव विशाल रुखमुनि प्राकृतिक सादा ढुंगामा पुजिन्छ । मसान भैरव पनि भनिने यहाँ प्रत्येक वर्ष दसैं, जनैपूर्णिमा, गाईजात्रा र कार्तिक पूर्णिमाका पर्वमा विशेष मेला लाग्दछ । नदी किनारामा अवस्थित सुरचन्द्र भैरव चित्लाङबासीको लास जलाउने मसानसमेत हो । तान्त्रिक परम्पराअनुसार राँगा, हाँस, कुखुरा, बोका बलि दिन्छन् । मन्दिर खुला संरचनामा बनेको ढुंगे भऱ्याङबाट ओर्लिएर पुगिने भैरवथानको वरिपरि फल्चापाटीसहित छन् ।

## चित्लाङ–मार्खु–कुलेखानी, महभिर (मोहिनी) झरना र भेडा फार्म

चित्लाङ माझगाउँबाट १० किलोमिटरमा पर्दछ, नेपालकै सबैभन्दा विशाल मानवनिर्मित ताल कुलेखानी अर्थात् इन्द्रसरोवर । राजा वीरेन्द्रको राज्यकालमा जलविद्युत् परियोजनाका लागि निर्मित कुलेखानी वर्तमानमा भव्य पर्यटकीय क्षेत्रको रूपमा विकास भइरहेको छ । साढे दुई किलोमिटरमा फैलिएको कुलेखानीलाई पर्यटकहरूले इन्द्रसरोवरको नाम दिएको पाइन्छ । जहाँ मान्छेहरू डुंगा, मोटरबोट सयर गर्न पुग्ने गर्दछन् । चिनियाँ प्रविधिबाट बनेको कुलेखानी इन्द्रसरोवरबाट ६०, ३२, १४ मेगावाटका तीनवटा गरी जम्मा १०६ मेगावाट बिजुली उत्पादन भइरहेको छ । काठमाडौंको मातातीर्थ र फर्पिङ–दक्षिणकालीहुँदै पुग्न सकिने मार्खु कुलेखानीबाट नजिकै मोहिनी झरना अवस्थित छ ।

स्थानीय भाषामा महभिर अर्थात् महकाट्न जाने झरनालाई पर्यटकहरूले आकर्षक देखेपछि मोहिनी नामकरण गरिदिएको बताइन्छ । मोहिनी (महभिर) झरनाबाट नजिकै १५० रोपनीमा फैलिएको विशाल भेडा फार्म रहेको छ । भेडा फार्म भनिएता पनि वर्तमानमा बाख्रा फार्मको पहिचान बनाएको छ । वि.सं. २००१ सालमा स्थापित विशाल चिल्लो बाख्रा फार्मबाट वर्तमानमा बाख्राको दूधबाट चिज उत्पादन हुने गरेको छ । यहाँ पर्यटकहरू न्यूनतम रकम तिरेर घुम्न, तालिम लिन जाने र चिज किनेर लैजानेसमेत गर्दछन् ।

## पालुङ इन्द्रायणी पीठ र सरस्वती

नेपालभाषामा 'पा' को अर्थ 'ठूलो छड्के' र 'ल्होँ' ले ढुंगा भन्ने अर्थ लाग्दछ । ठूलो छड्के यहाँबाट बोकेर काठमाडौंको शोभा भगवतीमा लैजान लागेछन् रे तर तलेजु मन्दिरनेर पुगेपछि ढुंगा उचाल्नै नसकी सो ठाउँबाट चलाउन नसकेपछि त्यसै छोडेर हिँडेको बताइन्छ । त्यही ढुंगाको कारण यस ठाउँको नाम नै पालुङ हुन गएको कथन छ । पालुङलाई जुन ढुंगाले पहिचान बनाएको भए पनि यस क्षेत्रको सर्वाधिक पूज्यदेवी हुन्, इन्द्रायणी पीठ मन्दिर । प्रत्येक तीन वर्षमा यहाँ मेला लाग्ने गर्दछ । पालुङ बजारमा नै रहेको अर्को पूज्यदेवी सरस्वतीको मन्दिर पनि हो ।

## पाण्डुकेश्वर मन्दिर, गोरखनाथ देवल र संग्राम खोला

यस क्षेत्रका प्रसिद्ध, प्राचीन र ऐतिहासिक सम्पदास्थलहरूमा प्राचीन पाण्डुकेश्वर मन्दिर पनि एक हो । मन्दिरभित्र भगवान विष्णु वा लोकेश्वरजस्तो देखिने मूर्ति नारीदेहसहितको रहेको छ । अंगारेमा अवस्थित मन्दिरको तोरणमा नाग रहेको छ भने मूलढोकामा अष्ठकलश अंकित छ । पालुङ क्षेत्रको प्रसिद्ध अर्को मन्दिर शिखर शैलीको गोरखनाथको मन्दिर पनि हो । गोरखनाथ भनिएता पनि यस मन्दिरलाई स्थानीयले वायु देवताका रूपमा पुज्ने परम्परा छ । पालुङ भूमिमा बग्ने प्रसिद्ध नदी संग्राम खोला पनि हो । यो नदी त्यसै प्रख्यात भएको होइन, पृथ्वीनारायण शाहले मकवानपुर आफ्नो कब्जामा लिइसकेपछि भागेका मकवानपुरे सेनालाई यही खोलामा पक्रिएर हत्या गरेका थिए रे । आफ्नो वंशजको हत्यापछि बगेको रगतको स्मरणमा आज पनि संग्राम खोलाको पानी पिउँदैनन् आजसम्म पनि ।

## थाहा नगरपालिका र रूपचन्द्र विष्ट

थाहा आन्दोलनका प्रणेता रूपचन्द्र विष्ट राज्यका हरेक निकाय, हरेक गतिविधि पारदर्शी हुनुपर्छ भन्ने आन्दोलनका प्रतीक मानिन्छन् । नारी शिक्षाका प्रणेता रूपचन्द्र विष्ट भन्थे– छोरी नपढाउने मुर्दावाद, सूचनाको हक सार्वजनिक गर्न सिंहदरबारको भित्ता सिसाको हुनुपर्छ । अजिव पारामा बोल्ने कम्युनिस्ट विचारक रूपचन्द्रलाई उनका जीवनकालमा कसैले बुझिदिएनन् तर उनले आफ्नो सोच सहरका भित्ताभित्तामा थाहा लेख्दै हिँड्ने गरे थाहा आन्दोलनको रूपमा । रूपचन्द्रको जीवनकाल धनाड्य भइकन पनि सन्यासी पारामा बित्यो तर हाल मकवानपुरको एउटा नगरपालिका थाहा घोषित भएको छ भने उनको शिखरकोटस्थित त्यो झिंगटी छाने घरलाई संरक्षित सूचीमा राखिएको छ ।

## टिस्टुङ बज्रबाराही र गोपालीको कुञ्छाल गाउँ

दसैंमा मेला लाग्ने बज्रबाराही मन्दिर विशाल चौरबीच एउटा रुखमुनि रहेको छ । नदी किनारमा अवस्थित मन्दिरको वरिपरि भजन फल्चापाटी छन् भने देवीलाई पञ्चबलि दिइने गरिन्छ । काठमाडौं उपत्यकाको बस्तीलाई चारैतिर अष्टमातृका पीठले घेरिएको हुन्छ भनिएझैं बज्रबाराही पनि यस भूमिको जागृत पीठ हो । जहाँ प्रत्येक तीन वर्षमा गणनृत्यसहितको जात्रा हुने गर्दछ । बज्रबाराही पीठलाई टिस्टुङमामात्र नभई चित्लाङ, पालुङबासीले पनि आस्थाकी देवीको रूपमा पुज्ने गर्दछन् । नेपालका प्रथम राजखलक गोपाली पहिचानको कुञ्छाल गाउँको ख्याल नगर्ने हो भने चित्लाङ, टिस्टुङ, पालुङको यात्रा अधुरो र अपूरो हुन्छ ।

काठमाडौं उपत्यकामा पशुपतिनाथको उत्खनन् गर्ने कीर्तिपुरे गोपाली भए पनि थानकोट मत्च्छेगाउँ, मातातीर्थ हुँदै चित्लाङ, टिस्टुङ, पालुङसम्म राज्य चलाएका आदिवासीको बनिबनाउँ गोपालीको कुञ्छाल गाउँमात्र हो । झिंगटीछाने चारतले इँटा माटोका घरहरूको कुञ्छालगाउँ अहिले पनि नमूना बस्तीको रूपमा रहेको छ । जहाँ कुखुरा पालेर बासेमा अपसगुन लाग्छ भन्ने मान्यता रहेको पाइन्छ भने कुखुराको मासु अण्डा खाने गरिँदैन तर हरेक पूजामा हाँसको बलि चढाउने, खाने, खुवाउने भने गरिन्छ । दुई सयभन्दा बढी घर गुजुमुज्ज अवस्थामा रहेको कुञ्छालको गोपाली बस्तीको संरचनालाई भने जोगाउनुपर्ने स्थिति देखिएको छ । टिस्टुङमा एक दिन बसेर घुम्ने हो भने थाहा नगरपालिकाको वडा नं ११ स्थित खुकुरी पार्क, नर्बेजिङ ढुंगा र मुस्कान झरना एकसाथ घुम्न सकिन्छ तर यो ठाउँ पर्यटकीय हबको रूपमा प्रवर्द्धनको तयारीको स्थितिमा रहेको छ ।

## दामन हिउँ हेर्ने टावर

दामन इण्डियन आर्मीको मृत्युपछि उनीहरूको स्मृतिमा सम्मानस्वरूप राखिएको नाम हो । दामनको हिन्दी नाम हो इज्जत तर नेपालको इतिहासमा नै पहिलोपल्ट दामनमा हिमाल तथा वरिपरिको दृश्य हेर्न टावरको निर्माण भएपछि हिउँ खेल्न र हिमाल हेर्न युवायुवतीहरू दामन धाउन थालेका पाइन्छन् । जहाँबाट नजिकै रहेको ऋृषेश्वर महादेवस्थान र महायानी गुम्बाको पनि दर्शन पुजनका लागि पुग्ने गर्दछन् पर्यटकहरू ।

## मनन्योग्य

### चाणक्य नीति

गुरुको सेवामा रहन पाउँदा विष्णुगुप्त आफूलाई धन्य सम्झन्थे । सबै उनका प्रशंसक भए । निरन्तर अध्ययनबाट, विष्णुगुप्तले उपनिषद्, वेद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति शास्त्रविद्या, दर्शन, ज्योतिष, रसायन आदि विषयमा पाण्डित्य प्राप्त गरे उनीसँग शास्त्राय गर्न ठूला–ठूला विद्वान्हरू आउन लागे । तर, ती विद्वान्हरूले विष्णुगुप्तबाट हार खानुपर्थ्यो ।

कुलपतिको अनुरोधद्वारा त्यहीं विश्वविद्यालयमा आचार्य पदमा रही विष्णुगुप्त अध्यापन कार्य गरे । सूरदेशमा पनि उनका ज्ञानको चर्चा हुन थाल्यो । तर, यता भारत वर्षको राजनीतिक दशा छिन्नभिन्न थियो । यस समयमा आफ्ना स्वार्थमा लागेर साना राज्य आपसी युद्धमा अल्झिएका थिए । राज्यको सुखसमृद्धिको इच्छा त्यागी भोगविलास र मोजमस्तीमा नै राजाहरू उन्मुख थिए ।

युनानबाट आधीझैँ बनी सिकन्दरको रूपमा आइरहेथ्यो । यो समय ईशाभन्दा २२६ वर्षपूर्वको हो । विश्वविजयको सपना देख्दै सिकन्दर आयो । विजयध्वजा फहराउँदै ऊ भारत देशको नजिक आइपुग्यो सिकन्दरले मनको नहद प्यूसँग खाँदै यी खाना राज्यमा बाँडिएका राज्य त्यति शक्तिशाली छैनन् भन्ने सोचेको थियो । उसले सम्झ्यो, साधारण सुझबुझबाट सुनको चुरा हात पर्नेछ । सिकन्दरले भारतमा पाइला टेक्यो । आफ्ना गुप्तचर सबैतिर खटाएर जनतालाई पैसा दिएर लोभमा पारी राज्यहरू र तिनका छेउछाउका राज्यको जानकारी पाउन जालसमेत सिकन्दरले फैलायो ।

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर–पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए ।

क्रमशः

## पत्र–मञ्जुषा

### मेयर बालेनको तारिफयोग्य काम, दलहरूलाई छटपटी

राजनीतिक दलदेखि सरकारी कर्मचारी, व्यापारी, आम सर्वसाधारण सबै सरकारी सम्पत्ति दोहन गर्नतर्फ लागेका छन् । कसरी हुन्छ, सरकारी सम्पत्ति आफ्नो मुट्ठीमा ल्याउनै छ । नेता र सरकारी कर्मचारी सरकारी जग्गा हडप्ने, यातायात व्यवसायी बाटो कब्जा गर्ने, व्यापारी कर तिर्ने ।

यसरी राज्य लुट्ने काम भइरहेको छ । यतिबेला काठमाडौं महानगरपालिकामा एउटा घटनाले ठूलो तरंग ल्याएको छ । फुटपाथमा पसल थाप्न नपाउँदा निम्तिएको विवादले चर्को रूप लिएको छ । जबकि फुटपाथ पनि सरकारी सम्पत्ति हो । सरकारी सम्पत्ति लुट्न पाउनुपर्छ भनेर अभियन्ताहरू बाहिर आएका छन् ।

सरकारी सम्पत्ति कब्जा गर्नकै स्वरोजगार संघसंस्था खोलिएको छ । बाटोमा पसल राख्नका लागि पनि संघसंगठन । राजनीतिक दलको झोले बन्ने पनि एउटा हद हुन्छ । आफूलाई फुटपाथ व्यवसायीको अभियन्ता भन्ने ईः ले उनीहरूको वकालत गर्दै आएका छन् । फुटपाथमा पसलमा थाप्न पाइँदैन भन्ने तिनलाई थाहा छैन ?

फुटपाथ पैदलयात्री हिँड्नका लागि हो, पसल थाप्नका लागि होइन । त्यति नै माया लाग्छ भने ईः आफैंले रोजगारी दिए भइहाल्यो । फुटपाथ व्यवसायीको पक्षमा बोलेझैं गरेर सस्तो लोकप्रियता कमाउन खोजेका उनको रणनीति कसले बुझेको छैन ? वास्तविक कुरा के हो भने मेयर बालेन्द्र शाह र महानगरीय प्रहरी प्रमुख राजुनाथ पाण्डेले काम गरेको देख्दा राजनीतिक दललाई छटपटी भएको छ ।

भित्रभित्रै राजनीतिक दलहरू जलिरहेका छन् । वर्षौंदेखि मुखले काम गर्दै आएका राजनीतिक दलहरू काठमाडौंको सुधार हेर्न सकिरहेका छैनन् । लामो समयदेखि काठमाडौंमा राजनीतिक दलकै मेयर थिए । अघिल्लो चुनावमा पनि भएजति पार्टीले मेयरमा आफ्ना उम्मेदवार उठाएका थिए ।

तर, कसैले पत्याएनन् । ६३ हजार १३२ भोटसहित स्वतन्त्रबाट उठेका बालेन मेयरमा निर्वाचित भएका हुन् । काठमाडौंका जनताले बालेनलाई आफ्नो अभिभावक चुनेका हुन् । यसमा राजनीतिक दल र फुटपाथ व्यवसायीको कुनै हात छैन । काठमाडौंबासीले आफ्नो लागि कसले राम्रो गर्छ भन्ने हेरे र भोट दिए ।

बालेन आएपछि काठमाडौंमा धेरै सुधार भएको छ । त्यसमा उनको व्यक्तिगत स्वार्थ त जोडिएको छैन । उनले आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका छन् । जसका कारण देशभर उनको चर्चा छ । डेढ वर्षको अवधिमा काठमाडौंमा धेरै परिवर्तन देख्न सकिन्छ । यो सबैले महसुस गरेका छन् ।

पार्किङको समस्याले गिजोलिएको काठमाडौं अहिले खुलाखुला भएको छ । बाटोघाटो पनि सफा हुँदै गएको छ । सरकारी जग्गा खोज्ने क्रम जारी छ । राजस्व पनि विगतको तुलनामा धेरै उठेको छ । सरकारी विद्यालयमा पढ्ने विद्यार्थीलाई दिइने खाजाको रकम बढाइयो । पहिले आठ कक्षासम्मलाई मात्र खाजा दिइन्थ्यो, अहिले बढाएर १० सम्मलाई दिने गरिएको छ ।

अण्डरग्राउण्डमा पसल थापिएको थियो । त्यो पनि हटाइएको छ । महानगर प्रहरीहरू जोशजाँगरका आफ्नो जिम्मेवारी पूरा गर्न खटिएका छन् । तारहरू व्यवस्थापन भइरहेको छ । फुटपाथ व्यवसायी हटाएर फुटपाथलाई पैदलयात्रीमैत्री बनाउन खोजिएको छ । काठमाडौंबासी मेयर बालेन र महानगर प्रमुख पाण्डेदेखि खुसी छन् ।

काठमाडौंबासी खुसी छन् भने अरुलाई केको टाउको दुखाइ ? चर्चा कमाउनका लागि जन्मिएका अभियन्ता, राजनीतिक दलका नेताहरूले जति नै विरोध गरे पनि महानगरको केही उखालिने होइन । फुटपाथमा पसल थाप्न पाउनुपर्छ भनेर ईः ललितपुर पनि पुगेका थिए । त्यहाँबाट लखेटिएको उनले बिर्सिएजस्तो छ ।

काठमाडौंबासी मात्र होइन, देशभर र विदेशमा रहेका नेपालीहरूले बालेनको समर्थन गरिरहेका छन् । समर्थन गर्नुको कारण एउटै छ, उनले काम गर्न खोजेका छन् र गरिरहेका छन् । जनता अब भाषण होइन, परिवर्तनको खोजीमा छन् । परिवर्तन जसले दिन्छ, उसैको पक्षमा उभिन्छन्, जनता ।

गाउँदेखि सहर, बच्चादेखि बूढासम्मले बालेनले राम्रो काम गरेको बताउँछन् । अधिकांश बालेनको प्रशंसा गरिरहेकै भेटिन्छन् । मुलुकको संघीय राजधानी काठमाडौं हो । तर, यसअघि काठमाडौं कस्तो थियो ? अहिले कस्तो छ ? यो त घामजस्तै छर्लंग छ । घिनलाग्दो काठमाडौं क्रमिक रूपमा सुधार भइरहेको छ ।

मेयर बालेनले शिर निहुराउने होइन, ठाडो बनाउने काम गरे । महानगरले गरेको कामले महानगरबासीको पनि चर्चा भएको छ । राजनीतिक दलहरूको कोठे राजनीतिक स्पष्ट छ । बालेनमाथि हिलो छ्यापेर अर्को चुनावमा काठमाडौंको मेयर आफ्नो हात पारौंला भन्ने उनीहरूको दाउ हो ।

२०८४ सालको चुनावमा बालेनले फेरि उम्मेदवारी दिए भने २०७९ सालको भन्दा दोब्बर भोट उनले पाउने छन् । पहिलो कुरा के बुझ्न जरुरी छ भने बालेनले काठमाडौंबासीलाई सुविधा दिने हो । उनले काम गर्ने पनि काठमाडौंबासीका लागि मात्रै हो । अन्यसँग उनलाई सरोकार नै छैन ।

–अनुसा थापा, भक्तपुर

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## चिसापानी घटना

# पुलबाट हाम फालेर बेपत्ता युवकको शव भेटियो

**घोडाघोडी (कैलाली)–** चार दिनअघि कैलालीको चिसापानी पुलबाट कर्णाली नदीमा हाम फाल्दा बेपत्ता भएका युवकको शव फेला परेको छ ।

कैलालीको लम्की–चुहा नगरपालिका–३ का ३० वर्षीय लोकेन्द्र शाही गत सोमबार दिउँसो होली खेल्ने क्रममा कर्णाली पुलबाट हाम फालेका थिए । घटनालगत्तै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोलीले बेपत्ता शाहीको खोजी थालेको थियो । उनको खोजीका लागि सशस्त्र प्रहरीको वैद्यनाथ बाहिनी अत्तरियाबाट सात जनाको गोताखोर टोली परिचालन गरिएको थियो ।

उनको शव बिहीबार करिब ४ बजे टीकापुर नगरपालिका–२ सनकट्टी घाटमा फेला परेको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता कुलदीप चन्दले जानकारी दिए । होली खेलिरहेका युवाहरू फोटो खिच्ने भन्दै कर्णाली पुलमा पुगेका र त्यहाँबाट अकस्मात हाम फालेका थिए । सोमबार दिउँसो कर्णाली पुलबाट हाम फालेका १७ जनामध्ये शाही मात्र नदीमा डुबेर बेपत्ता भएका थिए । हाम फाल्ने अन्य व्यक्ति पौडी खेलेर बाहिर निस्केका थिए । पुलबाट हाफ फाल्नुअघि उनीहरूले चिसापानीमा मदिरा सेवन गरेको खुलेको प्रहरीले जनाएको छ ।

प्रवक्ता चन्दका अनुसार पुलबाट कर्णालीमा हाम फाल्ने सबैजनाले शरीरको माथिल्लो भागको लुगा फुकालेका थिए । प्रहरीले उनीहरूलाई रोक्न खोजे पनि सामूहिक तस्बिर खिच्ने भन्दै चिसापानी बजारबाट पुलतर्फ निस्किएका थिए ।

उक्त घटनाबारे अनुसन्धान गर्न पुलबाट हाम फाल्ने आठ जनालाई नियन्त्रणमा लिएर सोधपुछ गरेको प्रहरीले जनाएको छ । प्रवक्ता चन्दका अनुसार सोधपुछका क्रममा नियन्त्रणमा लिएका एकजनाले त्यो दिन हाम फाल्ने कुनै पनि योजना नभएको बयान दिएका छन् । 'फोटो खिच्न पुलतर्फ गएका हौं, पुलमा पुग्दा एक जनाले हाम फाले, उसलाई देखेर अरु सबैले पालैपालो कर्णालीमा हाम फाल्यौं,' पक्राउ परेकाहरूले सोधपुछका क्रममा भनेका उनले बताए । कर्णालीमा हाम फाल्नेहरू १७ देखि ४० वर्षसम्मका हुन् । उनीहरू होली खेल्दै चिसापानी बजार पुगेका थिए । *रासस*

# होल्डिङ सेन्टरको स्वामित्व हस्तान्तरण अन्योलमा

**वीरगञ्ज (पर्सा)–** पर्साको वीरगञ्जस्थित भारतीय सीमानाकामा नवनिर्मित होल्डिङ सेन्टरको स्वामित्व हस्तान्तरणको विषय टुंगो नलाग्दा होल्डिङ सेन्टर अलपत्र परेको छ । कोरोना महामारी रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले निर्माण गरिएको होल्डिङ सेन्टर भवन स्वामित्व हस्तान्तरण अन्योल हुँदा भवन अलपत्र परेको हो ।

सरकारले २०७८ वैशाख ५ गते मन्त्रिपरिषद्को निर्णयअनुरूप नेपाली सेनाले करिब २८ करोड रूपैयाँको लागतमा १३ भान्साघर, २२ शौचालय, सामान्य लक्षण भएकाका लागि ९०० शयचा र जटिल अवस्थाका बिरामीका लागि १०० शयचा तथा तीन वातानूकुलितसहितका भिआइपी कक्ष निर्माण गरेको सो होल्डिङ सेन्टरलाई सेनाको टोलीले सुरक्षा दिइरहेको छ ।

निर्माण कार्य सम्पन्न भएको लामो समयसम्म पनि होल्डिङ सेन्टरको स्वामित्व हस्तान्तरण हुनसकेको छैन । 'होल्डिङ सेन्टरको स्वामित्व कसले लिने भन्ने अझै निश्चित हुनसकेको छैन,' वीरगञ्ज महानगरपालिकाका स्वास्थ्य शाखा संयोजक अनिलकुमार यादवले भने, 'स्वामित्वको निश्चित नहुँदा होल्डिङ सेन्टरमा बिजुली र खानेपानी जडान हुनसकेको छैन ।' होल्डिङ सेन्टरमा तत्काल बिजुली र खानेपानीको जडान गर्न पहल गरिए पनि स्वामित्वको निश्चित नहुँदा त्यो सम्भव हुन नसकेको उनको भनाइ छ ।

होल्डिङ सेन्टरको स्वामित्व संघीय, प्रदेश वा स्थानीय सरकार कसको हुने अझै निश्चित नभएकाले समस्या भएको स्वास्थ्य शाखा संयोजक यादवले बताए । भौतिक पूर्वाधार पूर्णरूपमा तयार भए पनि यसलाई नियमित सञ्चालनका लागि स्वामित्व हस्तान्तरण र बजेटको अभाव रहेको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुषालले बताए ।

'हामीले महानगरपालिकालाई स्वामित्वका लागि पत्राचार गर्‍यौं, तर महानगरपालिकाले बजेट अभावका कारण स्वामित्व लिएर सञ्चालन गर्न नसकिने भनेर जवाफ दियो,' प्रजिअ भुषालले भने, 'त्यसपछि मधेस प्रदेश सरकार र स्वास्थ्य विभागलाई समेत पत्राचार गर्‍यौं, तर अहिलेसम्म कुनै जवाफ आउन सकेको छैन ।' *रासस*

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/१२/१६**

वनशक्ति सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा विभिन्न ३ वटा लट बनाई राखिएको साल गोलिया काठ २२६१.३५ घ.फि., असना गोलिया काठ ३८५.५१ घ.फि., जामुन गोलिया काठ २७.२७ घ.फि., बाँझी गोलिया काठ ७१५.५६ घ.फि., कर्मा गोलिया काठ १७१.४० घ.फि. र खमारी गोलिया काठ ८४.१० घ.फि. जे जस्तो छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**वनशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २२, चक्करी, वारा**

## दावी विरोध सम्बन्धी बैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

प्रकाशित मिति २०८०/१२/१६

नेपाल सरकार बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री सदिक इन्टरनेशनल ओभरसिज प्रा.लि. (ई.प.नं. १२३१) ले यस विभाग समक्ष ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनि निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाणसहित वैदेशक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०७६/०८/०४ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।


## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOOSH LIGHT FOOD COMPANY WLL
पूर्व स्वीकृति मिति २०८०/१२/१५ | LT No :302739 | चलानी नं. ६०२१७४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker/salesperson | 4 | 0 | 150 | ६५,०३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Chef / Baker | 3 | 0 | 180 | ७८,०४० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

कम्पनी : KUWAIT OXYGEN COMPANY
पूर्व स्वीकृति मिति २०८०/१२/१५ | LT No :302738 | चलानी नं. ६०२१७५२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Technician/maintenance | 5 | 0 | 120 | ५२,०२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners/labours/helpers | 58 | 40 | 90 | ३९,०२० | | | | | | | |
| 3 | Electrician/electric Worker | 5 | 0 | 120 | ५२,०२५ | | | | | | | |
| 4 | Light Driver | 10 | 0 | 135 | ५८,५३० | | | | | | | |

कम्पनी : MISS CARAMEL BEAUTY CENTER AND SPA BRANCH
पूर्व स्वीकृति मिति २०८०/१२/१५ | LT No :302597 | चलानी नं. ६०२१७४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 24 | 0 | 1200 | ४३,५८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 15 | 0 | 1200 | ४३,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २३ गते (5th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Q TEC ENGINEERING WLL
पूर्व स्वीकृति मिति २०८०/१२/१५ | LT. No.302714 | चलानी नं: ६०२१७५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Tech. | 10 | 0 | 1200 | ४३,९६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Extension Electric Technician | 3 | 0 | 1200 | ४३,९६० | | | | | | | |
| 3 | Labour | 34 | 0 | 1000 | ३६,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २३ गते (5th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLD FOREST CAFE
पूर्व स्वीकृति मिति २०८०/१२/१५ | LT. No. 302683 | चलानी नं.६०२१७५३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २३ गते (5th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 330/059/60
Kaushik Janashakti International Pvt. Ltd.
Prakash Ashram Marg, Airport Kathmandu, Nepal
Email : info@kjinepal.com / kjinepal2022@gmail.com
Contact no: 01 5911977,015911978, 9863028276
Website: www.kjinepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALEH BEN ABDALOULI BEN MUSLAM AL-RAIQI For Meals
पूर्व स्वीकृति मिति: २०८०/१२/१५ | LT. No. 302586 | चलानी नं. ६०२१७४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MUHAMMAD AWAD SALIM AL-ATWI TRADING ESTABLISHMENT
पूर्व स्वीकृति मिति: २०८०/१२/१५ | LT. No. 302694 | चलानी नं. ६०२१७४९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,६६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1400 | ४९,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २२ गते (4th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMWAJ TECHNICAL TRADING EST
पूर्व स्वीकृति मिति २०८०/१२/१३ | LT. No. 302592 | चलानी नं. ६०२१७४६५

